बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**बरहथवा, सर्लाही**

**मधेश प्रदेश, नेपाल**

## बरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यकम संचालन एवं व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२

बरहथवा नगरपालिका अन्तर्गतका गरीव तथा सीमान्तकृत समुदायका वेरोजगार नागरिक तथा वैदेशिक रोजगारीबाट फर्केका श्रम गर्ने संस्कार बोकेका र सीप तथा थोरै पुंजी समेत भएका युवाहरुलाई लक्षित गरी नवीनतम र परम्परागत प्रविधिको उपयोग गर्नसक्ने उद्यमशील जनशक्तिको पहिचान गरी उद्यमशिलता विकास, पुंजी र प्रविधिमा गरीब तथा सीमान्तकृत समुदायको पहुँच अभिवृद्धि गर्न आवाश्यक भएकोले वरहथवा नगरपालिका, नगर कार्यपालिकाको बैठकले स्टार्टप कर्जा प्रवाह, असूली तथा व्यवस्थापन गर्न **"बरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यकम संचालन एवं व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२"** स्वीकृत गरी लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: यस कार्यविधिको नाम **"बरहथवा नगरपालिकाको उद्यमशिलता विकास कार्यकम संचालन एवं व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२"** रहेको छ । यो कार्यविधि वरहथवा नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्यम" भन्नाले दफा ३ बमोजिमको योग्यता पुगेका व्यवयास, उद्योग, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ख) "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा ११ बमोजिमको सूचकको आधारमा छनौट भएका उद्यमी, व्यवसायी लाइ प्रदान गरिने स्टार्टअप कर्जा सम्झनु पर्छ ।

(ग) "सेवा केन्द्र" भन्नाले बरहथवा नगरपालिका अन्तर्गतको रोजगार सेवा केन्द्र सम्झनु पर्छ ।

(घ) "सहकारी" भन्नाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने जिम्मेवारी तोकिएको सहकारी संस्था सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले बरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिमको **स्टार्टप उद्यम छनौट समिति** सम्झनु पर्छ ।"स्टार्टअप उद्यम" भन्नाले वस्तु, सेवा र प्रकियाको विकास, उत्पादन, संचालन र विवरणमा नवीन अन्वेषण, एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रुपमा संचालन भएका र स्तरोन्नतिको सम्भावना रहेको उद्यमलाई स्टार्टअप उद्यम सम्भनुपर्छ र सो शव्दले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय लाई समेत जनाउँछ ।

२. **स्टार्टअप उद्यमका क्षेत्र: स्टार्टअप** उद्यमका क्षेत्र दफा १० बमोजिम हुनेछ ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner